नेपाल सरकार
जनसङ्ख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
जलविज्ञान महाशाखा
**बाढी पूर्वानुमान शाखा**
**E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155**
**Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना), Twitter: @DHM_FloodEWS**

# बिषेश बाढी पूर्वानुमान वुलेटिन

## जारी मिति: २९ श्राबण २०७४, बिहान ६:०० बजे

बिगत ३ दिन देखि निकै सकृय मनसुनले देशको करिव पुरै तराई देखि महाभारत सम्मको क्षेत्रमा अस्ति दिउँसो देखि भिषण पानी पर्न सुरू भई आज बिहान ६ बजे सम्म कन्काई, रिउ खोला, पच्चिम राप्ति, पुर्वि राप्ति, बबई चेपाङ लगायत अन्य बाढि मापन केन्द्रमा जलसतहले खतराको तह पार गरेको र सुरक्षित स्थानमा बस्न तटिय क्षेत्रमा आम सर्वसाधारणलाई SMS मार्फत जानकारी गराईसकेका छौ ।

हिजो बिहान ५ बजे खतराको तह पार गरेको बबईमा मध्य रातपछि झनै सतह बढ्दै गई बिहान ६ बजे हाल सम्मकै उच्च तह (९.९ मिटरमा) पुगेको र तल्लो तटिय क्षेत्रमा उक्त बहाव प्रबाह हुने क्रम रहेकाले हाल तल्लो तटिय क्षेत्र बेलुकी सम्मै उच्व जोखिममा छ ।

हिजो बेलुकी ८ बजे खतराको तह पार गरेको पुर्वि राप्तिको रजैया बाढीमापन केन्द्रमा आज मध्य रातपछि झनै सतह बढ्दै गएको, चितबन माडीको रिउखोला स्थित बाढि मापन केन्द्रमा पनि मध्य रात पछि खतराको तह पार गरेकोले बाढिको उच्च जोखिम छ ।
नदिको तटिय र डुबान भईरहने क्षेत्रमा रहनु हुनेहरू अर्को सुचना प्राप्त नभएसम्म सुरक्षित स्थानमा जान अनुरोध गरी बबईमा हिजै दिउँसो २ पटक, आज बिहान ३ बजे र ४;३० बजे , पुर्वि राप्तिको तटिय क्षेत्रमा रहनेलाई बेलुकी ५ बजे, ८ बजे र बिहान ३ बजे, बाग्मति (रौतहट, सर्लाही) मा भारि बेलुकी ६ बजे र माडिमा बिहान ४ बजे SMS पठाएका छौ ।

आज विहान देखि भोली बिहान सम्मै भारी बर्षाको संभावनाले बिषेश गरी मध्य भागको मध्यको रौतहट, सर्लाही, मकवानपुर, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तुमा बागमती, पूर्वराप्ती, रिउ खोला, बिनय खोला, अरुन खोला, तिनाउ, बाणगङ्गा लगायतमा भोलि बिहान सम्मै सम्मै अति उच्च जोखिम हुने देखिएकोले सावधानीको साथ रहनुहुन अनुरोध छ।

साथै पुर्वि भागमा मध्यम देखि भारी बर्षाको संभावना भएकाले पूर्वको झापा, ईलाम, सुनसरी, मोरङ, सप्तरी उदयपुर, जनकपुर, धनकुटा का मेची, निन्दा, बिरिङ, कन्काई, पथरी, त्रियुगा, बुढी खोला, रातु, कमला लगायतमा भोलि बिहान सम्मै उच्च जोखिम रहेको तथा पश्चिममा पनि मध्यम बर्षाको संभाबनाले गर्दा कञ्चनपुर, कैलाली, र बर्दीयाका मुख्यत चुरे र महाभारतबाट प्रबाह हुने पच्चिम राप्ति, बबई लगायतमा पनि भोलि बिहान सम्मै अति उच्च जोखिम हुने देखिएकोले सावधानीको साथ रहनुहुन अनुरोध छ।